# सूर्यविनायक नगरपालिका
# स्थानीय राजपत्र

सूर्यविनायक नगरपालिकाद्वारा प्रकाशित

२०७८ साल पौष ३० गते, शुक्रबार

## भाग–१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सूर्यविनायक नगरपालिकाको नगरसभाले देहायको ऐन बनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सूर्यविनायक नगरपालिकाको उपभोक्ता हकहित संरक्षण ऐन, २०७८

नगरसभाबाट पारित मिति: २०७८।०९।२८
प्रमाणिकरण मिति: २०७८।०९।३०
राजपत्रमा प्रकाशित मिति: २०७८।०९।३०

# सूर्यविनायक नगरपालिकाको उपभोक्ता हकहित संरक्षण ऐन, २०७८

**प्रस्तावना** : उपभोक्ताको स्वास्थ्य सुरक्षा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्ता वर्गलाई संरक्षण प्रदान गरी उपभोग्य वस्तु वा सेवाको गुणस्तर वा उपयोगिता घटाउन वा झिक्न नपाउने व्यवस्था गर्न, एकाधिकार एवं अनुचित व्यापारिक क्रियाकलापद्वारा मूल्य अभिवृद्धि हुन सक्ने अवस्थालाई रोक्न र उपभोग्य वस्तु वा सेवाको उपयोगिता एवं प्रयोग सम्बन्धी झुट्टा तथा भ्रमात्मक प्रचार प्रसार हुन नदिई सुरक्षित तथा गुणस्तरयुक्त उपभोग्य वस्तु वा सेवाको बिक्री वितरण, निकासी, पैठारी र संञ्चय सम्बन्धी व्यवस्था गर्न तथा उपभोक्तालाई पर्ने मर्काको विरुद्ध उपचार दिलाउने निकायको स्थापना गरी उपभोक्ताको हक, हित र अधिकारको संरक्षण गर्ने व्यवस्था गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सूर्यविनायक नगरपालिकाको नगरसभाको दशौं अधिवेशनले सूर्यविनायक नगरपालिकाको उपभोक्ता हकहित संरक्षण ऐन २०७८ तर्जुमा गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम सूर्यविनायक नगरपालिकाको उपभोक्ता हकहित संरक्षण ऐन २०७८ रहेको छ ।

(२) यो ऐन स्थानिय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “अनुचित व्यापारिक क्रियाकलाप” भन्नाले दफा २६ बमोजिमको कुनै कृयाकलाप सम्झनु पर्छ ।

(ख) “उत्पादन” भन्नाले उपभोग्य वस्तु बनाउने, तयार गर्ने, प्रसोधन गर्ने, परिणत गर्ने, प्याकिङ्ग गर्ने, पुनः प्याकिङ्ग गर्ने, एसेम्बलिङ्ग गर्ने वा लेबल लगाउने प्रक्रिया वा सो सम्बन्धमा अपनाइने सम्पूर्ण वा कुनै प्रक्रिया सम्झनु पर्छ ।

(ग) “उपभोक्ता” भन्नाले कुनै उपभोग्य वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(घ) “उपभोक्ता संस्था” भन्नाले उपभोक्ताको हक हित संरक्षण तथा

सम्वर्द्धन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापना भएको संस्था सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता हित संरक्षण समिति" भन्नाले दफा ३२ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(च) "गुणस्तरहीन वस्तु" भन्नाले देहायको कुनै अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनु पर्छ :

(१) तोकिएको वा उल्लेख गरिएको भन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनु पर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाईएको वा पदार्थको परिमाण वढाईएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,

(२) मानव स्वास्थ्यलाई हानि हुने गरी सडेको, गलेको, वा फोहोरमैला वा विषादी मिश्रण गरी तयार गरीएको वा स्वास्थ्यलाई हानि हुने कुनै रसायन,रङ वा सुगन्ध प्रयोग गरिएको,

(३) वस्तुको केही वा सवै भाग कुनै रोगी वा रोगकारक पशु, पंक्षी वा हानिकारक वनस्पतिवाट बनाईएको ,

(४) तोकिएको मापदण्ड पुरा नगरी उत्पादन, ढुवानी, संचय, भण्डारण वा बिक्री गरिएको,

(५) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उत्पादकले उल्लेख गरे बमोजिमको गुणस्तर नभएको,

(६) यो ऐन वा यस ऐन अर्न्तगत वनेको नियम बमोजिम जारी गरिएको आदेशमा तोकिएको गुणस्तर वा परिमाण भन्दा कम वा बढी भएको ।

(छ) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्दछ ।

(ज) "नगरपालिका" भन्नाले सूर्यविनायक नगरपालिकालाई सम्झनुपर्दछ ।

(झ) "बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति" भन्नाले दफा ३२ बमोजिम गठन हुने उपभोक्ता वजार व्यवस्थापन तथा उपभोक्ता संरक्षण समितिलाई सम्झनु पर्दछ ।

(ञ) "नगर बजार अनुगमन टोली" भन्नाले दफा ३५ बमोजिम गठन हुने नगर बजार अनुगमन टोली सम्झनुपर्छ ।

(ट) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अर्न्तगत वनेको

नियमावली, निर्देशिका वा जारी गरिएको आदेश वा सूचनामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) "अनुगमन अधिकृत" भन्नाले दफा ३८ वमोजिम नियुक्त वा तोकिएको अनुगमन अधिकृत सम्झनु पर्छ ।

(ड) "प्रयोगशाला" भन्नाले उपभोग्य वस्तुको शुद्धता, पूर्णता वा गुणस्तर परीक्षण गर्ने उदेश्यले स्थापना भएको मान्यता प्राप्त निकाय सम्झनु पर्दछ ।

(ढ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, वा प्रदेश सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

(ण) "लेबल" भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडो वा त्यस्तो उपभोग्य वस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको ट्याग, चिन्ह, तस्वीर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्दछ ।

(त) "वस्तु" भन्नाले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुहरुको सम्मिश्रणबाट बनेको स्वास्थ्यलाई हानि नोक्सानी वा कुनै किसिमको साइड इफेक्ट नगर्ने पदार्थ सम्झनु पर्छ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ, सुगन्ध वा रसायनका साथै मूल्य लिई वा नलिई बिक्री वितरण गरिने सम्पूर्ण वस्तुलाई सम्झनु पर्दछ ।

(थ) "बिक्रेता" भन्नाले मूल्य लिई वा नलिई थोक वा खुद्रा रुपमा उपभोग्य वस्तु वा सेवाको बिक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी, सँस्था समेतका सेवा प्रदायक वा बिक्रेतालाई जनाउँछ । सो शब्दले उत्पादक, आयातकर्ता, ढुवानीकर्ता समेतलाई सम्झनु पर्दछ ।

(द) "विभाग" भन्नाले आपूर्ति व्यास्थापन तथा उपभोक्ता संरक्षण विभाग सम्झनु पर्दछ ।

(ध) "सेवा" भन्नाले उपभोक्तालाई आवश्यक पर्ने विद्युत, खानेपानी, टेलिफोन, सूचना प्रविधि, स्वास्थ्य, यातायात, ढल निकास, बैंकिङ्ग, कानूनी, चिकित्सा वा इन्जिनियरिङ वा त्यस्तै प्रकृतिका अन्य सेवालाई जनाउँछ । सो शब्दले मूल्य लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवालाई समेत सम्झनु पर्दछ ।

(न) "त्रुटीपूर्ण उत्पादन" भन्नाले कुनै वस्तुमा गुणस्तर, परिमाण, मात्रा,

शुद्धता, मानक वा लेबल दावी गरिएकोमा त्यस अनुरुप नभएको भन्ने सम्झनु पर्दछ ।

(प) "अदालत" भन्नाले संघीय सरकारले तयार गरेको उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम गठित उपभोक्ता अदालत वा सो गठन नभएसम्म संविधान अनुसार गठित अदालत सम्झनु पर्दछ ।

## परिच्छेद- २
## स्थानीय बजार व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **दर्ता सम्बन्धी व्यवस्था** : (१) नगरपालिका क्षेत्रभित्र कुनै प्रकारका वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, संचयकर्ता, संकलनकर्ता वा बिक्रेताले आफ् नो कारोबार सञ्चालन गर्दा नगरपालिकाको स्वीकृति विना कारोबार सञ्चालन गर्न हुँदैन ।

(२) उपदफा (१) बमोजिम स्वीकृतिको लागि सूर्यविनायक नगरपालिकाको उद्योग, व्यवसाय दर्ता तथा संचालन ऐन, २०७८ बमोजिम त्यस्तो उद्योग, व्यवसाय नगरपालिकामा अनिवार्य दर्ता वा सूचीकरण भएको हुनु पर्दछ ।

४. **दर्ता तथा सूचीकृत व्यवसायको नवीकरण** : नगरपालिकामा दर्ता तथा सूचीकर ण भई कारोवार गरिरहेका सम्पूर्ण व्यवसाय सालबसाली रुपमा सूर्यविनायक नगरपालिकाको उद्योग, व्यवसाय दर्ता तथा संचालन ऐन, २०७८ बमोजिम तेकिए बमोजिमको शुल्क बुझाई नवीकरण गर्नुपर्नेछ ।

५. **बिक्री वितरण स्थल सम्बन्धी व्यवस्था** : नगरपालिका क्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा स्वीकृत प्राप्त गरेको स्थानमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गर्न हुँदैन । सामान्यतया सामानको अवस्था, त्यसले पार्ने सामाजिक, सांस्कृति तथा वातावरणीय प्रभाव, ट्राफिक व्यवस्थापन, फोहरमैला उत्पादन, प्रदुषण, स्वास्थ्यमा पुर्‍याउने हानी जस्ता विषयलाई मध्यनगर गरी खास प्रकारका मालसामान वस्तु वा सेवा कस्ता ठाउँमा राखेर बिक्री वितरण गर्न पाइने भन्ने विषय तोकिए बमोजिम हुनेछ ।

६. **स्थान र समय निर्धारण गर्न सक्ने** : (१) नगरापालिकाले कुनै वस्तुको बिक्री वितरण वा सेवा सञ्चालनका लागि कुनै स्थान र समय निर्धारण गरी दिन सक्नेछ । स्थान निर्धारण गर्दा सम्भव भएसम्म कुनै प्रकारका फर्म, पसल, कम्पनी, उद्योग व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्न अनुमति दिनुपर्नेछ ।

(२) स्थान र समय निर्धाण गर्दा नगरपालिकाले विज्ञहरुको एक समिति गठन गरी सो समितिको प्रतिवेदनका आधारमा निर्धारण गर्न सक्नेछ ।

(३) स्थान र समय निर्धारण गर्दा विद्युत, पिउने पानी, शैचालय, फोहरमैला व्यवस्थापन, सुरक्षा प्रबन्ध, बाटोघाटो, ट्राफिक व्यवस्थापन समेतलाई ध्यान दिनुपर्नेछ ।

७. **स्थान उपलब्ध गराउने सक्ने** : (१) कनै वस्तु वा सेवा सञ्चालनका लागि नगरपालिकाले तोकिए बमोजिम शर्त निर्धारण गरी नगरक्षेत्रभित्र आवश्यकताअनुसार सेवा सञ्चालन वा बिक्री कक्ष सञ्चालन गर्न स्थान उपलब्ध गराउन सक्नेछ ।

(२) नगरपालिकाले उपलब्ध गराएको स्थान सम्बन्धित बिक्रेता आफैंले प्रयोग गर्न बाहेक नगरपालिकाको स्वीकृति बेगर अरु कसैलाई सञ्चालन गर्न दिन वा सबलिजमा दिन हुँदैन ।

(३) तोकिएको शर्त पुरा नगरेको पाइएमा नगरपालिकाले स्थान खाली गराई अर्को वास्तविक बिक्रेतालाई उपलब्ध गराउन सक्नेछ ।

८. **वातावरण सफा र स्वच्छ राख्नुपर्ने** : (१) नगरपालिका क्षेत्रमा कारोवार गर्ने वस्तु वा सेवा बिक्रेताले नगरपालिका क्षेत्रको सरसफाई र स्वच्छतामा हानी नोक्सानी गर्ने कुनै पनि गतिविधि सञ्चालन गर्नु हुँदैन ।

(२) आफ्नो अगाडिको सडक बाटो सफा राख्ने र आफुले निकालेको फोहोरको उचित व्यवस्थापन गर्नु सम्बन्धित प्रदायक वा बिक्रेताको कर्तव्य हुनेछ ।

(३) आफुले उत्सर्जन गरेको प्रदूर्षणको अनुपातमा सरसफाई कायम राखी वातावरण संरक्षणका लागि नगरपालिकालाई तोकिए बमोजिम क्षतिपूर्ति तिर्नु बुझाउनु पर्नेछ र प्राप्त क्षतिपूर्ति रकम नगरपालिकाले नगर सरसफाई र वातावर ण संरक्षणमा खर्च गर्नुपर्नेछ ।

(४) तोकिए बमोजिम बाहेक कसैले फोहर गरी वातावरण विगार्ने कुनै गतिविधि सञ्चालन गरे नगरपालिकाले सूर्यविनायक नगरपालिकाको वन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७८ बमोजिम कारवाही गर्नेछ ।

९. **उद्योग/फर्म/पसल/व्यवसाय सञ्चालनमा प्रतिबन्ध** : (१) देहाय अनुसारका पसल, उद्योग, फर्म सञ्चालन गर्न नगरपालिकाले अनुमति दिने छैन ।

(क) मन्दिरको आसपास ३०० मिटरभित्र माछामासु, मदिरा पसल राख्न,

(ख) अस्पतालको ५०० मिटर आसपासमा मदिरा पसल र ठूला आवाज

आउने ग्रील उद्योग, फर्निचर उद्योग जस्ता व्यवसाय सञ्चालन गर्न,

(ग) विद्यालयको ३०० मिटर आसपासमा मदिरा पसल, धुम्रपान तथा मद्यपान पसल, ठूलो आवाज आउने ग्रील गद्योग फर्निचर उद्योग जस्ता व्यवसाय सञ्चालन गर्न,

(घ) खुला रुपमा पशुपंक्षीको बधशाला सञ्चालन,

(ङ) सार्वजनिक सडक पेटी बाटो ओगटेर पसल सञ्चालन ।

१०. **आपूर्ति व्यवस्थापन** : (१) नगरापालिका क्षेत्रमा आवश्यक वस्तु वा सेवाको बजार माग अनुसार आपूर्तिको व्यवस्थापन सम्बन्धित बस्तु वा सेवा प्रदायक वा बिक्रेताले गर्नुपर्नेछ ।

(२) आपूर्ति व्यवस्थापनमा कुनै समस्या र गुनासो भए आवश्यक सहजीकरणका लागि तत्काल सम्बन्धित प्रदायक वा बिक्रेताले नगरपालिकाको बजार अनुगमन इकाईलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपभोग्य आवश्यक वस्तु वा सेवाको बजारमा माग अनुसार उत्पादन, आयात तथा भण्डारणको अवस्थाको सम्बन्धमा नियमित विश्लेषण गरी सो सम्बन्धमा आवश्यक सहजीकरण नगरपालिकाको बजार अनुगमन इकाईले गर्नेछ ।

(४) बजार विश्लेषण र नगरपालिकाको सहयोग तथा सहजीकरणको आधारमा वस्तु र सेवाको आपूर्ति व्यवस्थापन मिलाउनु सम्बन्धित बस्तु वा सेवा प्रदायक वा बिक्रेताको दायित्व हुनेछ ।

(५) नगरपालिकाको बजार अनुगमन इकाईले मागेको विवरण तोकिएको समयभित्र सम्बन्धित प्रदायक वा बिक्रेताले दिनुपर्नेछ ।

(६) बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा गम्भिर संकट र विचलनको अवस्था आए नगरपालिकाले त्यस्तो वस्तु वा सेवाको बजार नियन्त्रण गरी सहज आपूर्ति व्यवस्था नभएसम्मको लागि कुनै निजी, सार्वजनिक संस्था वा सहकारी मार्फत त्यस्तो वस्तु वा सेवाको बिक्री वितरणको व्यवस्था गराउन सक्नेछ ।

११. **सुपथ मूल्यको पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सकिने** : दैनिक उपभोग्य वस्तुहरुको सहज र सुपथ उपलब्धताका लागि नगरपालिकाले सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा सुपथ मूल्यका पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

१२. **दर्ता खारेजी** : (१) देहायको अवस्थामा नगारपालिकामा दर्ता भएका वस्तु वा सेवा प्रदायक वा बिक्रेताको दर्ता खारेज गरी नगरपालिकाले सार्वजनिक सूचना मार्फत जानकारी गराउनेछ ।

(क) तोकिएको समयसीमा भित्र नवीकरण नगरेमा,

(ख) दर्ता गरिए अनुसार काम नगरेमा,

(ग) यस ऐन तथा नियमको उलघंन गरेकोमा पटक पटक सचेत गराउँदा समेत सुधार भएको नपाइएमा,

(घ) स्वीकृति वेगर तोकिएको स्थानभन्दा अन्यत्रै कारोबार सञ्चालन गरेमा,

(२) दर्ता खारेजी गर्नु अघि पर्याप्त सुनुवाइको मौका प्रदान गर्नुपर्नेछ ।

## परिच्छेद ३

## उपभोक्ता हित संरक्षण तथा सम्बर्द्धन सम्बन्धी व्यवस्था

१३. **उपभोक्ताको हित संरक्षण तथा सम्बर्द्धन** : (१) सूर्यविनायक नगारपालिकाका प्रत्येक उपभोक्तालाई मनासिब मूल्य, ठीक परिणाम र गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार हुनेछ ।

(२) उपदफा (१) को सर्बमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी उपभोक्ताको हक, हित र सरोकार संरक्षण गर्ने प्रयोजनको लागि प्रत्येक उपभोक्तालाई देहायको अधिकार प्राप्त हुनेछः

(क) मानव जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानी पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार,

(ख) वस्तु वा सेवामा सहज पहुँच र दैनिक उपभोग्य अत्यावश्यक वस्तु र सेवाको उपलब्धताको अधिकार,

(ग) वस्तु वा सेवाको उत्पादक, आयातकर्ता, बिक्रेता, मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि बारे सुसूचित हुने अधिकार,

(घ) स्वच्छ प्रतिस्पर्धात्मक मनासिब मूल्यमा बस्तु वा सेवाको छनौट गर्न पाउने अधिकार,

(ङ) बस्तु वा सेवाको प्रयोगबाट भएको हानी नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने अधिकार,

(च) उपभोक्ताको हक, हितको संरक्षणको सम्बन्धमा सक्षम अधिकारी वा निकायबाट उपचार पाउने वा सुनुवाई हुने अधिकार,

(छ) उपभोक्ताले शिक्षित हुन पाउने अधिकार,

(ज) स्वच्छ तथा स्वस्थ वातावरणीय अधिकार,

(झ) उपभोक्ता सहभागिताको अधिकार ।

(३) उपभोक्ता हकहितको संरक्षण र सम्बर्द्धन गर्ने जिम्मेवारी नगरपालिका र वस्तु वा सेवा प्रदायक वा बिक्रेताको हुनेछ ।

१४. **उपभोक्ताको हित संरक्षण गर्न वस्तु वा सेवाको नियमन** : (१) नगरपालिकाले उपभोक्ताको हित संरक्षण गर्न नियमित रुपमा उपभोग्य वस्तु वा सेवाको आपूर्ति मूल्य, गुणस्तर, नापतौल, लेवल, विज्ञापन आदिको नियमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियमन गर्दा नगरपालिकाले देहायका काम गर्नेछः

(क) वस्तु वा सेवाको गुणस्तर, मूल्य निर्धारण र आपूर्ति व्यवस्था सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) उपभोक्ताको हक हितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार, अनुचित तथा निषेधित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्य योजना बनाई लागु गर्ने,

(ग) नागरपालिकाभित्र खपत हुने उपभोग्य वस्तु वा सेवाको माग र आपूर्ति स्थितिको निरन्तर विश्लेषण तथा समीक्षा गरी स्वच्छ बजार कायम गर्ने,

(घ) वस्तु वा सेवाको उत्पादक, बिक्रेता वा वितरकहरुले अवाञ्छित तरिकाले गरेको मूल्य बृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ङ) उपभोक्तालाई उचित मूल्यमा सहज रुपमा दैनिक रुपमा उपभोक्ताले उपभोग गर्ने अत्यावाश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्था सुनिश्चित गर्न नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनी तथा स्थानीय सहकारी संस्था मार्फत आपूर्तिको व्यवस्था सहज गर्ने,

(च) कुनै समयावधिका लागि अधिकतम मौज्दातको परिणाम तोक्ने,

(छ) नगरपालिकाभित्र उत्पादित कुनै दैनिक उपभोग्य वस्तु वा सेवाको अभाव भएमा त्यस्ता खाद्य तथा उपभोग्य वस्तुको निश्चित परिमाण निर्धारण गरी तोकिएको मूल्यमा उत्पादकसँगबाट खाद्य वस्तु प्राप्त गर्ने र सर्वसाधारणलाई बिक्री गर्ने,

(ज) थोक र खुद्रा व्यवसायलाई व्यवस्थित गर्न त्यस्ता व्यवसायसँग

सम्बन्धित व्यापारिक फर्म वा कम्पनीको नाम, ठेगाना, उपभोग्य वस्तुको मौज्दात लगायत अन्य आवश्यक विवरण खुलाउन लगाई मूल्यमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

(झ) उपभोक्ताको हक हित संरक्षण गर्न वा आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागि कुनै उपभोग्य वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित रुपमा उपभोग्य वस्तु वितरण गर्न संघ, प्रदेश, स्थानीय तह तथा सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ञ) उपभोग्य वस्तुको बिक्री वितरण प्रणालीलाई नियमन गर्ने वा अनुपयुक्त तवरले अभाव सृजना गर्ने वा कालो बजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने,

(ट) वस्तु वा सेवाको उत्पादन वा आयात गरी बिक्री वितरण गर्दा उपभोक्तालाई सो वस्तु वा सेवा खरिद गरे वापत प्रचलित कानून बमोजिमको कर बिजक जारी गरी कर बिजक उपलब्ध गराउन लगाउने ।

(३) उपभोक्ताको हत हित संरक्षण, आपूर्ति व्यवस्था नियमित र उपभोग्य वस्तु तथा सेवाको मूल्य एवं गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्था प्रभावकारी ढंगबाट कार्यान्यवन गर्न नगरपालिकाले समय समयमा आवश्यक नीतिगत र संस्थागत व्यवस्था गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको व्यवस्था तोकिए बमोजिम कार्यान्वयन गर्नुपर्नेछ ।

१५. **उपभोग्य वस्तु वा सेवाको गुणस्तर** : (१) कुनै उपभोग्य वस्तुमा अन्तरनिहित कुनै पदार्थको गुणस्तर वा मापदण्ड निर्धारण भएको रहेछ भने सो बमोजिम र नेपाल सरकारले त्यस्तो वस्तु वा सेवाको गुणस्तरको मापदण्ड निर्धारण गरिए बमोजिम हुनेछ ।

(२) गुणस्तरको मापदण्ड निर्धारण नभएको वस्तु वा सेवा भए उत्पादकले उपभोग योग्य छ भनी गुणस्तरको स्वघोषणा गरेको हुनुपर्नेछ ।

(३) लेवल नलागेको वा गुणस्तर निर्धारण नगरिएको वा गुणस्तरको स्वघोषणा नभएको कुनैपनि वस्तु वा सेवा कसैले पनि बिक्री वितरण गर्नु/गराउनु हुँदैन ।

१६. **उपभोग्य वस्तुको लेवलमा उल्लेख गर्नुपर्ने कुराहरु** : (१) नगरपालिका क्षेत्रभित्र उत्पादन, पैठारी तथा बिक्री वितरण हुने वस्तुको लेवलमा देहायका कुराहरु उल्लेख गर्नुपर्नेछ :

(क) उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर,

(ख) खाद्य पदार्थ, औषधि र सौन्दर्य सामग्री जस्ता उपभोग्य वस्तुमा त्यस्ता वस्तुको मिश्रण, मिश्रणका तत्व, परिमाण र तौल,

(ग) गुणस्तर निर्धारण भएको उपभोग्य वस्तु भएमा त्यस्तो वस्तुको गुणस्तर,

(घ) उपभोग्य वस्तु उपभोग गर्ने तरिका र त्यस्तो वस्तु उपभोग गरेबाट हुन सक्ने नकारात्मक प्रभाव (साइड इफेक्ट),

(ङ) निश्चित अवधिभित्र उपभोग गरिसक्नुपर्ने बस्तु भए त्यस्तो अवधि र सोको मिति,

(च) उपभोग्य वस्तुको बिक्री मूल्य, व्याच नम्बर र उत्पादन मिति,

(छ) इलेक्ट्रोनिक, हार्डवेयर, विद्युतीय वा यान्त्रिक वा लामो समयसम्म प्रयोगमा रहने उपभोग्य बस्तु भए त्यस्तो वस्तुको ग्यारेण्टी, ग्यारेण्टी मिति तथा सो वस्तुसँग सम्बन्धित कानून बमोजिम अन्य आवश्यक कुरां,

(ज) खण्ड (छ) बमोजिमका अवस्थामा कुनै त्रुटी देखिएमा त्यसको शोधभर्ना दिने वा निश्चित अवधिसम्म ममर्त गरिदिने व्यवस्था,

(झ) प्रज्वलनशील, दूर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुन सक्ने उपभोग्य वस्तु भए त्यस्तो वस्तुको सुरक्षाको लागि अपनाउनु पर्ने पूर्व सावधानी सम्बन्धी विवरण,

(ञ) उपभोग्य वस्तुमा लाग्ने सबै प्रकारका कर समावेश गरी हुन आउने अधिकतम खुद्राबिक्री मूल्य,

(ट) कुनै उपभोग्य वस्तु प्रयोग गर्नु पूर्व कुनै प्रक्रिया पुरा गर्नुपर्ने भए त्यस्तो प्रक्रिया र त्यस्तो प्रक्रिया नपुऱ्याई प्रयोग गर्दा हुनसक्ने हानी नोक्सानी,

(ठ) मानव स्वास्थ्यलाई हानी पुऱ्याउन सक्ने पदार्थहरुको लेवलमा चेतनामूलक सन्देश चित्र वा चिन्हको प्रयोग,

(ड) तोकिए बमोजिमका अन्य कुरा ।

(२) उपदाफा (१) बमोजिमको लेवलमा उल्लेख गर्नुपर्ने नेपालभित्र उत्पादन भएका वस्तु भए नेपाली र अंग्रेजी भाषामा लेखिनु पर्नेछ र पैठारी भएको वस्तु भए उत्पादकले नेपाली वा अंग्रेजी भाषामा लेवलिङ्ग गरिएको हुनु पर्नेछ । लेवलिङ्ग गर्दा अक्षरहरु स्पष्ट र सर्वसाधारणले बुझ्ने गरी उल्लेख गरेको हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेवलिङ्ग नभएको उपभोग्य वस्तु नगरपालिका क्षेत्रमा पैठारी गर्न पाइने छैन ।

(४) उपदफा (१) बमोजिम लेवलमा उल्लेख गरिनु पर्ने कुरा उल्लेख नगरिएको वस्तु कसैले पैठारी गरेमा त्यस्तो वस्तु जफत गरी सो को प्रयोगबाट हानी नोक्सानी हुन गएमा पैठारी गर्ने व्यक्ति वा संस्था सो हानी नोक्सानीको लागि जिम्मेवार हुनेछ र सो वापतको क्षतिपूर्ति पैठारीकर्ता वा बिकेताले तिर्नु बुझाउनुपर्नेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुला रुपमा बिक्री गरिने तरकारी, फलफूल जस्ता चाडै कुहिने उपभोग्य वस्तु बिक्री गर्दा यस दफामा लेखिएका कुरा उल्लेख गर्न अवाश्यक हुने छैन ।

(६) बिक्रेताले उपभोक्तालाई वस्तु वा सेवा खरिद गरे वापत प्रचलित कानून बमोजिमको कर बिजक जारी गर्नुपर्दछ र यसरी कर बिजक जारी गर्दा उत्पादक वा आयातकर्ताको परिचय खुलाएर बिजक जारी गर्नुपर्नेछ ।

## परिच्छेद- ४
## उपभोग्य वस्तु वा सेवाको वजारसँग सम्वद्ध पक्षको दायित्व

१७. **उत्पादकको दायित्व** : (१) उपभोग्य वस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले उपभोग्य वस्तु उत्पादन गर्दा प्रचलित कानून बमोजिम पूरा गर्नुपर्ने अन्य दायित्व अतिरिक्त देहायको दायित्व पूरा गर्नुपर्नेछ :

(क) उत्पादक स्वदेशी भए कानून बमोजिम दर्ता वा सूचीकरण र नवीकरण भएको गर्ने,

(ख) गुणस्तरीय बस्तु वा सेवा उत्पादन गर्ने,

(ग) वस्तुको लेवल निर्धारण गर्ने,

(घ) लेवलमा दफा १६ बमोजिमको कुरा उल्लेख गर्ने,

(ङ) त्रुटीपूर्ण उत्पादन नगर्ने,

(च) आफूले उत्पादन गरेको वस्तु त्रुटीपूर्ण उत्पादन भई त्यस्तो वस्तु बजारमा रहेको कुरा जानकारीमा आएमा त्यस्तो वस्तु तत्काल संकलन गरी नष्ट गर्ने,

(छ) वस्तु वा सेवाको उत्पादनका कारण उपभोक्तालाई कुनै किसिमको क्षति भएमा सोको क्षतिपूर्ति दिने,

(ज) वस्तु वा सेवाको गलत वा भ्रामक विज्ञापन वा प्रचार प्रसार नगर्ने,

(झ) न्यून गुणस्तर वा कमसल वस्तुको उत्पादन नगर्ने,

(ञ) दुई वा दुईभन्दा बढी पदार्थको समीश्रणबाट बनेको वा उत्पादित उपभोग्य वस्तुमा रहेका त्यस्ता पदार्थको मात्रा, तत्व वा प्रतिशतको उपभोक्तालाई जानकारी दिने,

(ट) उत्पादनको लागत मूल्यको हर हिसाब राखी, बिक्री गर्दा उपभोक्तालाई प्रचलित कानून बमोजिमको कर बिजक दिने,

(ठ) कानून बमोजिम तोकिएका अन्य शर्त पूरा गर्ने ।

(२) उपभोग्य वस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले उपदफा (१) बमोजिमको दायित्व पूरा नगरेको वा कुनै वस्तुको उत्पादन, निर्माण, प्रशोधन, जाँच, परीक्षण, डिजाइन, सूत्र, तयारी, बजार पैठारी, प्याकिङ्ग, लेवलिङ्गको क्रममा भएको कुनै त्रुटी, कमी कमजोरी (डिफेक्ट) को कारण गुणस्तरहीन भई त्यस्तो वस्तु वा सेवाको बिक्री वितरण भएको पाइएमा वा त्यस्तो वस्तु वा सेवा उपभोग गरेका कारण कसैको जिउ, ज्यान, सम्पत्तिमा हानी नोक्सानी भएमा त्यस्तो हानी नोक्सानी पुगेमा नगरपालिकाले त्यस्तो वस्तु वा सेवा तत्काल जफत गर्ने र उत्पादन, पैठारी, बिक्री, रोक्का गर्नुपर्नेछ ।

(३) उपभोक्तामा पुगेको हानी नोक्सानी वापत क्षतिपूर्ति दिने दायित्व उत्पादकको हुनेछ ।

(४) उपभोक्तामा पुग्न गएको हानी नोक्सानीको क्षती एकीन भए सो बमोजिम र क्षती एकीन नभए बिक्री परिणामका आधारमा नगर उपभोक्ता संरक्षण कोषमा रहने गरी नगरपालिकाले उत्पादकलाई जरिवाना र उपभोक्तालाई क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(५) उक्त वस्तु वा सेवा उपभोग गरेका कारण हानी नोक्सानी पुगेको प्रमाण सहित दावी लिई कुनै उपभोक्ता अदालतमा आई निवेदन गरकोमो अदालतको आदेश बमोजिम उपभोक्ता संरक्षण कोषबाट आदेश बमोजिमको क्षतिपूर्ति उपभोक्ताले भराई लिन पाउनेछ र कसैको स्वास्थ्य, जीउ ज्यानमा हानी नोक्सानी पुगेको भए उत्पादकलाई प्रचलित कानून बमोजिम सजाय समेत हुनेछ ।

तर, उत्पादकलाई जिम्मेवार बनाउन दावी लिएको हानी नोक्सानी उत्पादित वस्तुको त्रुटीपूर्ण उत्पादन र सो को उपभोगको कारणबाट भएको हो भन्ने पुष्टि हुनुपर्नेछ ।

१८. **पैठारीकर्ताको दायित्व** : (१) उपभोग्य वस्तुको पैठारी गर्ने पैठारीकर्ताले त्यस्तो वस्तु पैठारी गर्दा प्रचलित कानून बमोजिम पूरा गर्नुपर्ने दायित्वको अतिरिक्त

देहायको दायित्व पूरा गर्नुपर्नेछः

(क) पैठारीकर्ता कानून बमोजिम दर्ता वा सूचीकरण र नवीकरण भएको हुनुपर्ने,

(ख) परल मूल्यभन्दा बढी वा फरक नपर्ने गरी पैठारी गर्नुपर्ने,

(ग) बिक्री मूल्य घोषणा गरेको हुनुपर्ने,

(घ) पैठारी गरिएको उपभोग्य वस्तुको किसिम, परिमाण, गुणस्तर र उत्पादन सम्बन्धी सम्पूर्ण विवरण नियमनकारी निकाय वा अन्य अधिकारीले मागेका वखत उपलब्ध गराउने,

(ङ) कानूनले तोके बमोजिमका वस्तु बाहेक पैठारी गर्न नहुने,

(च) उपभोग्य वस्तुको पैठारी सम्बन्धमा प्रचलित कानून बमोजिम अन्य दायित्व पूरा गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै वस्तुको गुणस्तर वा प्रकृति बमोजिम अन्यथा व्यवस्था भएकोमा बाहेक पैठारी भएको मितिबाट छ महिनापछि उपभोग गर्न नहुने वा नसकिने वा त्यस्तो अवधि समाप्त भएपछि उपभोग गर्न नमिल्ने वस्तु पैठारी गर्न पाइने छैन ।

(३) पैठारीकर्ताले दायित्व पूरा नगरेको पाइएमा पैठारीकर्तालाई पैठारी गरेको सामान जफत गरी सो सामानको मूल्य बमोजिम जरिवाना हुनेछ ।

१९. **ढुवानीकर्ताको दायित्व** : (१) उपभोग्य वस्तु ढुवानी गर्ने ढुवानीकर्ताले कानून बमोजिम पूरा गर्नुपर्ने अन्य दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछ :

(क) ढुवानीकर्ता कानून बमोजिम दर्ता वा सूचीकरण र नवीकरण गरी अनुमति प्राप्त हुनुपर्ने,

(ख) ढुवानी गरिने उपभोग्य वस्तुको प्रकृति अनुसार निर्धारित अवधिभित्र नै ढुवानी गर्नुपर्ने,

(ग) ढुवानी गर्दा उपभोग्य वस्तुको गुणस्तरमा ह्रास आउन नदिने आवश्यक प्रबन्ध गरेको हुनुपर्ने,

(घ) ढुवानीकर्ता तोकिएको योग्यता अनुसार हुनुपर्ने,

(ङ) ढुवानी गर्दा तोकिए बमोजिम सुरक्षात्मक व्यवस्था तथा पालना गर्नुपर्ने शर्तहरु पालना गर्ने,

(च) सम्बन्धित निकायले माग गरेको बखत उपभोग्य वस्तुको विवरण उपलब्ध गराउने,

(छ) प्रचलित कानून बमोजिम ढुवानीकर्ताले पूरा गर्नुपर्ने अन्य दायित्व पुरा गर्ने ।

(२) ढुवानीकर्ताले दायित्व पूरा नगरी ढुवानी गरेको पाइएमा त्यसरी ढुवानी गरेको सामान जफत गरी उक्त सामानको मूल्य बराबरको जरिवाना हुनेछ ।

२०. **संचयकर्ताको दायित्व** : (१) उपभोग्य वस्तुको संचय गर्ने संचयकर्ताले कानून बमोजिम पूरा गर्नुपर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नुपर्नेछः

(क) संचयकर्ता कानून बमोजिम दर्ता वा सूचीकरण र नवीकरण भएको हुनुपर्ने,

(ख) उपभोग्य वस्तु संचय गर्दा त्यस्ता वस्तुको प्रकृति अनुसार सतर्कता अपनाएको हुनुपर्ने,

(ग) तोकिएको सुरक्षात्मक अवस्था अपनाएको हुनुपर्ने,

(घ) गुणस्तरमा ह्रास आउने खालको कुनै काम नगर्ने,

(ङ) उत्पादकद्वारा उल्लेख भएका वस्तुको विवरण कुनै पनि किसिमले फेरबदल नगर्ने,

(च) सम्बन्धित निकायले माग गरेको बखत त्यस्ता वस्तुको संचयसँग सम्बन्धित विवरण उपलब्ध गराउने,

(छ) प्रचलित कानून बमोजिम संचयकर्ताले पूरा गर्नुपर्ने अन्य दायित्व पूरा गर्ने ।

(२) संचयकर्ताले दायित्व पूरा नगरेको पाइएमा संचय गरेको सम्पूर्ण सामान जफत गरी सो सामानको मूल्य बमोजिम जरिवाना हुनेछ ।

२१. **बिक्रेताको दायित्व** : (१) उपभोग्य वस्तुको खुद्रा बिक्री गर्ने बिक्रेताले कानून बमोजिम पूरा गर्नुपर्ने अन्य दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नुपर्नेछः

(क) बिक्रेता कानून बमोजिम दर्ता वा सूचीकरण र नवीकरण भएको हुनुपर्ने,

(ख) विना भेदभाव उपभोक्तालाई गुणस्तरीय उपभोग्य वस्तुको बिक्री गर्ने,

(ग) वस्तुको किसिम वा प्रकृति अनुसार गुणस्तर ह्रास नआउने गरी सुरक्षित रुपमा राख्ने र सुरक्षित रुपमा बिक्री गर्ने,

(घ) सर्वसाधारणले स्पष्ट रुपमा बुझ्ने गरी देख्ने ठाउँमा उपभोग्य वस्तुको मूल्य सूची राख्ने,

(ङ) सम्बन्धित निकायले माग गरेका बखत आफूसँग रहेको उपभोग्य वस्तुको मौज्दात वा विवरण उपलब्ध गराउनु पर्ने,

(च) उपभोग्य वस्तुमा कुनै किसिमको ग्यारेन्टी, वारेन्टीको व्यवस्था भएमा त्यस्तो व्यवस्था पालना गर्ने

(छ) पहिले आउने उपभोक्तालाई पहिले उपभोग्य वस्तु बिक्री गर्ने,

(ज) उपभोग्य वस्तु बिक्री गरेपछि उपभोक्ताको नाउँमा प्रचलित कानून बमोजिमको कर बिजक जारी गरी बिजक दिने,

(झ) प्रचलित कानून बमोजिम बिक्रेताले पूरा गर्नुपर्ने अन्य दायित्व पूरा गर्ने ।

(२) बिक्रेताले दायित्व पुरा नगरेको पाइएमा त्यस्तो वस्तु वा सेवाको कारोबार रोक्का राखी कैफियत पाइएको सामान जफत गरी सो सामानको मूल्य बमोजिम जरिवाना हुनेछ ।

२२. **सेवा प्रदायकको दायित्व** : (१) उपभोक्तालाई सेवा प्रदान गर्ने सेवा प्रदायकले कानून बमोजिम पूरा गर्नुपर्ने अन्य दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नुपर्नेछ :

(क) सेवा प्रदायक कानून बमोजिम दर्ता वा सूचीकरण र नवीकरण भएको हुनुपर्ने,

(ख) विना भेदभाव उपभोक्तालाई सेवा प्रदान गर्ने,

(ग) सर्वसाधारणले स्पष्ट रुपमा बुझ्ने गरी सबैले देख्ने ठाउँमा आफूले प्रदान गर्ने सेवाको सूची तथा त्यसको मूल्य सूची राख्ने,

(घ) सम्बन्धित निकायले माग गरेका बखत आफूले प्रदान गर्ने सेवासँग सम्बन्धित विवरण तथा कागजात उपलब्ध गराउने,

(ङ) पहिले आउने उपभोक्तालाई पहिले सेवा प्रदान गर्ने,

(च) उपभोक्तालाई सेवा प्रदान गरेपछि उपभोक्ताको नाउँमा प्रचलित कानून बमोजिमको कर बिजक जारी गरी बिजक दिने,

(छ) प्रचलित कानून बमोजिम सेवा प्रदायकले पूरा गर्नुपर्ने अन्य दायित्व पूरा गर्ने ।

२३. **बजारको तह निर्धारण सम्बन्धी व्यवस्था** : (१) नगरपालिकाले उपभोक्ता हक हित संरक्षण गर्न, बजारको नियम (मार्केट रुल) बमोजिम बजार व्यवस्थापन गर्ने, बजारलाई स्वच्छ, सुलभ तथा पारदर्शी बनाउन तोकिएको वस्तु वा सेवाका लागि तोकिए बमोजिम बजारको तह निर्धारण गर्न सक्नेछ ।

(२) तह निर्धारण गर्दा परिश्रम र लगानी नगरी मुनाफा प्राप्त गर्ने कुनै पनि तह कायम गरिनु हुँदैन ।

२४. **उपभोग्य वस्तु फिर्ता गर्न सकिने** : (१) उपभोक्ताले बिक्रेताबाट खरिद गरेको कुनै उपभोग्य वस्तु चित्त नबुझी फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्य बराबरको त्यस्तै अर्को वस्तु लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोग्य वस्तु फिर्ता गर्दा बिक्रेताले मूल्यमा कटौती गर्न वा अन्य कुनै किसिमको थप शुल्क लिन पाउने छैन ।

(३) उपदफा (१) बमोजिम उपभोग्य वस्तु फिर्ता गर्दा त्यस्तो उपभोग्य वस्तु खरिद गर्दाका बखत बिक्रेताले जारी गरेको कर बिजक देखाउनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको उपभोग्य वस्तु फिर्ता वा सट्टापट्टा गर्न सकिने छैनः

(क) खरिदकर्ताले खरिद गरेको वस्तुको गुणस्तर वा परिणाममा परिवर्तन गरेमा,

(ख) निश्चित अवधिभित्र उपभोग गरी सक्नुपर्ने प्रकृतिको वस्तु त्यस्तो अवधि व्यतित भइसकेपछि फिर्ता वा सट्टापट्टा गर्न ल्याएमा,

(ग) दूध, फलफूल, तरकारी, माछा, मासु जस्ता तुरुन्त उपभोग नगरेमा सडी, गली जाने प्रकृतिको वस्तु भएमा,

(घ) प्याकेजिङ्गमा रहेको वस्तु भए प्याकेजिङ्ग खोलेमा,

(ङ) खरिद गरेको वस्तु प्रयोग गरिसकेको भएमा ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सिलबन्दी गरेको उपभोग्य वस्तु भए सिल नतोडिएको अवस्थामा त्यस्तो वस्तु एक महिनाभित्र फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्य बराबरको त्यस्तै अर्को वस्तु लिन सकिनेछ ।

२५. **बील बिजक जारी गर्ने र सोको अभिलेख राख्नुपर्ने** : (१) उपभोग्य वस्तुको उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता र बिक्रेताले आफूले उत्पादन, पैठारी, ढुवानी, सञ्चय वा बिक्री गरेको वस्तु वा सेवाको सम्बन्धित उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता वा बिक्रेतसँग बील वा बिजक लिई सोको अभिलेख राख्ने र आफूले वस्तु वा सेवा बिकी गर्दा अनिवार्य कर बिजक जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बील वा बिजक सम्बन्धित अधिकारीले मागेका बखत उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद- ५
## निषेधित कामहरु

२६. **अनुचित व्यापारिक क्रियाकलाप गर्न नहुने :** (१) कसैले पनि अनुचित व्यापारिक क्रियाकलाप गर्नु गराउनु हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि उपभोक्ताको अधिकार हनन् हुने वा स्वच्छ बजारका नियम उल्लंघन हुने गरी कसैले देहायको कुनै काम गरेमा अनुचित व्यापारिक क्रियाकलाप गरको मानिनेछः

(क) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य नामतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाई छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गरेमा,

(ख) व्यक्तिले उत्पादन गरेको उपभोग्य वस्तुको गुणस्तर, परिमाण, मूल्य, नामतौल, ढाँचा, बनावट आदिमा प्रतिकूल असर पारी वा भ्रमपूर्ण विज्ञापन गरी बिक्री गरेमा,

(ग) उपभोग्य वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गरेमाः

(१) कमसल वस्तुलाई विशिष्ट वा गुणस्तर भएको स्तरमानक, गुणस्तर, मात्रा, श्रेणी, संरचना, डिजाइन देखाई बिक्री गरेमा,

(२) पुनः निर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाई वा झुक्याई बिक्री गरेमा,

(३) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुठ्ठा र भ्रमपूर्ण रुपमा विज्ञापन वा सूचना प्रसार गरेमा,

(४) उपभोग्य वस्तुको उपभोगबाट उपभोक्ताको कुनै रोग निको हुने भन्ने तथ्यगत आधार बिना नै त्यस्तो वस्तुको दावी वा प्रत्याभूति गरे वा बिक्री गरेमा ।

(घ) कुनै उपभोग्य वस्तु वा सेवा वास्तविक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गरेमा वा कुनै प्रतियोगिता, चिठ्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गरे वा त्यस्तो मूल्यमा बिक्री गरेमा,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गरे वा

त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवा बिक्री गरेमा,

(च) कुनै उपभोग्य वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानक भन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानी नोक्सानी पुऱ्याउने गरी त्यस्तो बस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसारपसार वा संचय वा बिक्री गरेमा,

(छ) कुनै उपभोग्य वस्तुको अनुचित संचय वा कृतिम अभाव हुने गरी मूल्य बढाए, जम्माखोरी गरे वा बिक्री गरेमा,

(ज) त्रुटीपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मुल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गरेमा,

(झ) सक्कली वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन गरे वा त्यस्तो उत्पादनको बिक्री गरेमा,

(ञ) बिक्री गरेको वस्तु वा सेवाको बील वा बिजक जारी गर्न इन्कार गरे वा बील वा बिजक जारी नगरेमा,

(ट) कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानी नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु त्रिक्री गरेमा,

(ठ) उपभोग्य वस्तु उपभोग गरिसक्नु पर्ने अवधि व्यतित भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेवल लगाई त्यस्तो वस्तु बिक्री गरेमा,

(ड) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्री गरेमा,

(ढ) उत्पादक, आपूर्तिकर्ता, ढुवानीकर्ता, संचयकर्ता वा बिक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघ संस्थाको मिलेमतोबाट मूल्य निर्धारण गरे वा बिक्री गरेमा,

(ण) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री गर्दा तोकिएको व्यापारिक तहभन्दा बढी तह वा श्रृंखला खडा गरी बिक्री वा प्रदान गरेमा,

(त) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गरेमा ।

२७. **माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न नहुने** : (१) कसैले पनि कुनै वस्तुको

उत्पादन, पैठारी, ढुवानी सञ्चय वा बिक्री वितरणमा लागेको लागत र तोकिए बमोजिमभन्दा बढी मुनाफा लिई बिक्री वितरण गर्नु हुँदैन ।

(२) कसैले कुनै व्यक्ति, संस्था वा अन्य कसैसँग मिली देहायका कुनै काम गरी कुनै उपभोग्य वस्तु वा सेवाको माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न हुँदैनः

(क) कुनै उपभोग्य वस्तुको उत्पादनका लागी चाहिने कच्चा पदार्थको कोटा निर्धारण गर्ने वा कुनै उपभोग्य वस्तुको उत्पादन घटाउने वा त्यस्तै अन्य कुनै काम गर्ने,

(ख) कुनै उपभोग्य वस्तु वा सेवा सञ्चित गरी वा अन्य कुनै तरिकाले कृत्रिम अभाव खडा गर्ने,

(ग) निर्धारित समय वा स्थानमा मात्र उपभोग्य वस्तु वा सेवा त्रिक्री गर्ने वा त्यस्तै प्रकृतिका अन्य कुनै काम गर्ने ।

२८. **निषेधित कार्य** : कसैले पनि कुनै उपभोग्यवस्तु वा सेवाको सम्बन्धमा देहायका कुनै काम गर्न वा गराउन हुँदैनः

(क) कमसल उपभोग्य वस्तुको जानी जानी उत्पादन, बिक्री वा पैठारी गर्न,

(ख) कुनै उपभोग्य वस्तुको नक्कली वस्तु उत्पादन वा पैठारी गरी उपभोक्तालाई झुक्याउन,

(ग) कुनै उपभोग्य वस्तु वा सेवालाई अर्को उपभोग्य वस्तु वा सेवा हो भनी वा न्यूनस्तरको उपभोग्य वस्तु वा सेवालाई उच्चस्तरको उपभोग्य वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री गर्न,

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको प्रयोग, उपयोगिता वा प्रभावकारिताको सम्बन्धमा झुट्टा वा भ्रमात्मक सूचना प्रचार प्रसार गर्न वा विज्ञापन गर्न,

(ङ) उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने उपभोग्य बस्तु वा सेवाको उत्पादन वा बिक्री गर्न,

(च) एकै प्रकृतिका विभिन्न वस्तु उत्पादन, पैठारी वा बिक्री गर्न, व्यापारी वा व्यापारिक समूहहरु मिली त्यस्तो उपभोग्य वस्तुको अभाव सिर्जना गरी मूल्य वा आपूर्ति व्यवस्थामा प्रभाव पार्न,

(छ) एकै प्रकृतिको कुनै सेवा प्रदान गर्ने एक भन्दा बढी व्यापारी वा व्यापारिक समूहको मिलोमतोबाट चक्रिय प्रणाली, कोटा प्रणाली,

आलोपालो, खेप प्रणाली वा टोकन प्रणाली अपनाई सेवा सञ्चालन गर्न,

(ज) एउटा उपभोग्य वस्तु खरिद गर्दा अर्को उपभोग्य वस्तु पनि खरिद गर्न पर्ने व्यवस्था गर्न,

(झ) प्रचलित कानूनले गर्न नहुने भनी किटान गरेको तोकिए बमोजिमका अन्य काम गर्न ।

२९. **स्वच्छ प्रतिस्पर्धामा अवरोध गर्न नहुने** : कसैले पनि नगरपालिका क्षेत्रभित्र स्वच्छ बजार संरक्षण वा स्वच्छ प्रतिस्पर्धामा अवरोध पुऱ्याउने कार्य गर्न वा गराउन हुँदैन ।

## परिच्छेद-६
## उपभोग्य वस्तु वा सेवाको मूल्य निर्धारण सम्बन्धी व्यवस्था

३०. **अत्यावश्यक वस्तु वा सेवाको सूची** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समय समयमा अत्यावश्यक खाद्य तथा उपभोग्य वस्तु वा सेवाको सूची निर्धारण गरेको वस्तु वा सेवा बिक्री गर्दा तोकिएको अधिकतम मूल्यभन्दा बढी बढी हुने गरी बिक्री गर्न वा गराउन हुँदैन ।

(२) नेपालको कानून बमोजिम तोकिएको मुनाफा भन्दा बढी मूल्य लिई कसैले पनि कालोबजारी र नाफाखोरी गर्नु हुँदैन ।

३१. **मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नुपर्ने** : (१) उत्पादकले प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा बिक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गर्ने सेवाको शुल्क स्पष्ट रुपमा उल्लेख गरी मूल्यसूची राख्नुपर्नेछ ।

(२) उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता र बिक्रेता वा सेवा प्रदायकले खरिद बिक्री सम्बन्धी बील बिजक दुरुस्त राख्नुपर्नेछ ।

(३) उपभोग्य वस्तु उत्पादन गर्ने उत्पादक उद्योग भए उद्योग दर्ताको प्रमाणपत्र तथा व्यवसायको हकमा व्यावसाय दर्ता प्रमाणपत्र बिक्री स्थलमा सर्वसाधारणले देख्नेगरी राख्नु पर्नेछ ।

## परिच्छेद- ७

## बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण

३२. **बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति :** (१) बजार व्यवस्थापन तथा उपभोक्ताको हित संरक्षण गर्ने विषयमा नीति निर्माण गर्न तथा बजार व्यवस्थापन तथा उपभोक्ताको हक हित संरक्षणका सम्बन्धमा यस ऐन बमोजिम अन्य काम गर्नको लागि देहाय बमोजिमको बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति रहनेछ :

(क) नगर प्रमुख -अध्यक्ष
(ख) नगर उपप्रमुख - सदस्य
(ग) सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ङ) नगरपालिकाको आर्थिक समिति संयोजक - सदस्य
(च) नगरपालिकाको आर्थिक विकास महाशाखा प्रमुख - सदस्य
(छ) खाद्य, गुणस्तर, जनस्वास्थ्य/उद्योग वाणिज्य हेर्ने (उपलब्ध भएसम्मका क्षेत्रगत विषय हेर्ने) अधिकृत प्रतिनिधि- सदस्य
(ज) अनुगमन अधिकृत - सदस्य
(झ) जिल्ला उद्योग वाणिज्य संघको अध्यक्ष - सदस्य
(ञ) नगर उद्योग वाणिज्य संघको अध्यक्ष - सदस्य
(ट) नेपाल पत्रकार महासंघ जिल्ला सभापति - सदस्य
(ठ) जिल्ला उपभोक्ता हित संरक्षण मंचको अध्यक्ष/सभापति - सदस्य
(ड) उपभोक्ता हित संरक्षणमा क्रियाशील संस्था वा व्यक्तिगत मध्येबाट कार्यपालिकाले मनोनित गरेको एक महिला सहित दुईजना - सदस्य
(ढ) नगरपालिकाको सहकारी, उपभोक्ता हित संरक्षण तथा गैरसरकारी संस्था समन्वय शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ट) बमोजिम मनोनित सदस्यको पदावधि बढीमा दुई वर्षको हुनेछ र निज अर्को एक अवधिको लागि पुनः मनोनित हुन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपभोक्ताको हकहित विरुद्धको कुनै काम गरेमा वा समितिको काम, कर्तव्य र अधिकार विपरित हुने गरी काम गरेमा समितिले त्यस्तो सदस्यलाई जनुसुकै बखत सदस्य पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम त्यस्तो पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

(५) समितिको बैठक हरेक दुई महिनामा अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिको बैठकमा नगर प्रमुख, विषय विज्ञ र कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ । समितिको बैठकमा उपस्थित सबैले नियमानुसारको बैठक भत्ता पाउनेछन् ।

(३) समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३३. **बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिको काम, कर्तव्य र अधिकार** : बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिको काम, कर्तव्य र अधिकार  देहाय बमोजिम हुनेछः

(क) स्थानीय व्यापार व्यवस्थापन, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार सम्बन्धी नीति, कानून, मापदण्ड निर्माणको लागि नगरपालिकालाई सुझाब दिने,

(ख) स्थानीय बजार तथा हाट बजार व्यवस्थापन गर्ने गराउने,

(ग) स्थानीय वस्तुहरुको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन गर्ने गराउने,

(घ) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्धारण गर्ने गराउने,

(ङ) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने गराउने,

(च) स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी अनुगमन र नियमन गर्ने गराउने,

(छ) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान गर्ने गराउने,

(ज) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,

(झ) स्थानीय व्यापार, प्रवर्द्धन, सहजीकरण र नियमन गर्ने

(ञ) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रबर्द्धन र अभिलेखाङ्कन गर्ने,

(ट) उपभोक्ता सचेतना अभिवृद्धि गर्ने गराउने,

(ठ) लक्षित उपभोक्ताको लागत व्यवस्थापन गर्ने,

(ड) स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने गराउने,

(ढ) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोगमाथि नियन्त्रण गर्ने, गराउने,

(ण) उपभोक्तालाई उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा सुरक्षित गराउन त्यस्ता वस्तु वा सेवाको गुणस्तरका सम्बन्धमा जानकारी गराउन उपभोक्ताको हक, हित सम्बन्धी सूचना प्रचार प्रसार गर्ने गराउने,

(त) उपभोक्तालाई उपभोग्य वस्तु वा सेवाको मूल्य, गुण, परिणाम, शुद्धता तथा अनुचित व्यापारिक क्रियाकलापका सम्बन्धमा सूचित गर्ने वा गराउने,

(थ) उपभोक्ताको हक हित संरक्षण गर्ने सम्बन्धमा अनुसन्धान गर्ने वा गराउने,

(द) उपभोक्ताको हक हित संरक्षण सम्बन्धमा भइरहेका नीतिमा संशोधन गर्ने वा परिमार्जन गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा नगरपालिकालाई अवाश्यक सुझाब दिने,

(ध) उपभोक्ताको हक हित संरक्षण सम्बन्धी स्थानीय, प्रदेशस्तर, राष्ट्रिय तथा अन्तराष्ट्रिय सूचना अद्यावधिक राख्ने तथा राख्न लगाउने,

(न) बजार व्यवस्थान, बजारको आपूर्ति विश्लेषण तथा उपभोक्ताका अधिकारको संरक्षण सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(प) उपभोक्ता शिक्षालाई विद्यालय शिक्षाको पाठ्यक्रम (स्थानीय पाठ्यक्रम) मा समावेश गर्नको लागि आवश्यक व्यवस्था गर्ने र नगरपालिकालाई सुझाब दिने,

(फ) नगरबासीको खाद्यान्न, इन्धन, पानी, यातायात र वातावरणको सुरक्षाका लागि आवश्यक नीतिगत व्यवस्थाका लागि नगर नगरपालिकालाई सुझाब दिने,

(ब) बजार व्यवस्थापन तथा उपभोक्ता हक हितसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ वा संस्थासँग सहकार्य गर्न आवश्यक नीति तर्जुमाका लागि नगरपालिकालाई सुझाब दिने,

(भ) बजार व्यवस्थापन, आपूर्ति व्यवस्थापन तथा उपभोक्ताको अधिकार संरक्षण तथा सम्बर्द्धन गर्न आवश्यकता अनुसार बजार अनुगमन टोली, बजार विश्लेषण तथा अनुगमन समिति, नगर प्रहरीलाई निर्देशन दिने,

(म) नगर बजार अनुगमन इकाईको मासिक अनुगमन कार्यतालिका स्वीकृत गर्ने,

(य) नगर कार्यपालिकाले तोकिदिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

३५. **नगर बजार अनुगमन इकाई** : (१) वस्तु वा सेवा प्रदायक व्यवसायको दर्ता, नवकीरण, आपूर्ति, मूल्य, नापतौल, विज्ञापन लगायत व्यापारिक क्रियाकलापको नियमित एवं आकस्मिक अनुगमनको लागि नगरपालिकामा देहाय बमोजिमको नगर बजार अनुगमन इकाई रहनेछ ।

(क) नगर उपप्रमुख - संयोजक

(ख) आर्थिक विकास महाशाखा प्रमुख - सदस्य

(ग) नीति, योजना तथा अनुगमन र वित्त व्यवस्थापन महाशाखा प्रमुख - सदस्य

(घ) सहकारी, उपभोक्ता हित संरक्षण तथा गैरसरकारी संस्था समन्वय शाखा प्रमुख - सदस्य

(ङ) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(च) स्थानीय सुरक्षा निकायको प्रतिनिधि - सदस्य

(छ) अनुगमन अधिकृत - सदस्य

(ज) नगर उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य

(झ) नेपाल पत्रकार महासंघको जिल्ला सदस्य/प्रतिनिधि एक जना - सदस्य

(२) नगर बजार अनुगमन इकाई बजार अनुगमन गर्न जाँदा सम्बन्धी वडाको प्रमुख/प्रतिनिधिलाई आमन्त्रण गर्नुपर्नेछ। संभव भएसम्म विषयगत क्षेत्रको विज्ञ/प्रतिनिधिलाई अनिवार्य रुपमा समावेश गराउनुपर्नेछ ।

(३) बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी विषयक्षेत्र हेर्ने शाखाले मासिक रुपमा तोएिको ढाँचामा बजार अनुगमनको एकीकृत प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ ।

३६. **नगर बजार अनुगमन इकाईको काम, कर्तव्य र अधिकार** : (१) दफा ३५ (१) बमोजिम गठित बजार अनुगमन इकाईले प्रचलित कानून बमोजिम देहाय अनुसारका कार्यहरु गर्नुपर्नेछ :

(क) बजार अनुगमनको पूर्व कार्ययोजना र मासिक अनुगमन कार्यतालिका बनाई स्वीकृतिको लागि बजार व्यवस्थापन तथा उपभोक्ता हित

संरक्षण समितिमा पेश गर्ने,

(ख) स्वीकृत कार्ययोजना बमोजिम नियमित रुपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ग) व्यवसाय दर्ता, सूचीकरण तथा नवीकरण, बस्तु वा सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(घ) कालोबाजारी, एकाधिकार (सिन्डीकेट) मिलेमत्तोपूर्ण भाउ निर्धारण -कार्टेलिङ्ग), कृत्रिम अभाव तथा बजार प्रवेशमा अवारोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/नभएको अनुगमन गर्ने,

(ङ) कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट/गुणस्तरहीन) कम तौल भएको देखिएमा/भेटिएमा आवश्यकता अनुसार त्यस्ता बस्तु जफत गर्ने, नष्ट गर्ने, जरिवाना गर्ने, कारोबार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

(च) बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिबाट समय समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरु गर्ने,

(छ) बजार थप व्यवस्थित गर्न कार्ययोजना बनाई बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिमा पेश गर्ने,

(ज) बजार अनुगमन कार्य सम्पन्न भएपछि बजार अनुगमन प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(२) कुनै ठाउँमा असुरक्षित, असरयुक्त वा गुणस्तरहीन उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कारवाही भइरहेकोछ भन्ने विश्वास हुने मनासिव कारण भएमा नगर बजार अनुगमन इकाईले त्यस्तो ठाउँमा आवश्यकता अनुसार जुनसुकै बखत प्रवेश गरी अनुगमन, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन, जाँचबुझ वा खानतलासीका क्रममा उपभोग्य वस्तुको उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, संचयकर्ता, बिक्रेता सेवा प्रदायक वा सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक विवरण वा जानकारी वा बयान लिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम अनुगमन, जाँचबुझ वा खानतलासी गर्दा असुरक्षित, असरयुक्त वा गुणस्तर नभएको उपभोग्य वस्तुको उत्पादन वा बिक्री

वितण भइरहेको वा सेवा प्रदान गरेको वा यस ऐन अन्तर्गत बनेको नियम विपरित काम कारवाही भइरहेको देखिएमो त्यस्तो उपभोग्य वस्तुको तोकिए बमोजिम नमूना लिई तोकिएको अवधिको लागि त्यस्तो उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण गर्न वा सेवा प्रदान गर्न रोक लगाउन सक्नेछ ।

३७. **बजार अनुगमन कार्यविधि** : (१) नगर बजार अनुगमन इकाईले बजार अनुगमन गर्दा तोकिएको ढाँचाको दैनिक बजार अनुगमन फाराम प्रयोग गरी निम्न विषयमा विशेष ध्यान दिनु पर्नेछ:

(क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानून बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता र सूचीकरण प्रमाण-पत्र, स्थायी लेखा नम्बर (एब्ल्० को प्रमाण-पत्र, खाद्य अनुज्ञा-पत्र, औषधी पसल दर्ता प्रमाण-पत्र लगायतका आवश्यक कागजातहरु लिएको छ/छैन हेर्ने । साथै प्रमाणपत्र नियमिति रुपमा नवीकरण भए/नभएको हेर्ने । प्रमाणपत्र नलिएको वा नवीकरण गरेको नदेखिएमा बढीमा ७ दिनभित्र सो कार्य सम्पन्न गरी नगरपालिकामा लिखित जानकारी गराउन लिखित निर्देशन दिने,

(ख) बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ/छैन हेर्ने । नराखेको भए ३ दिनभित्रमा राखी कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने,

(ग) प्रदायकले वस्तु तथा सेवाको बिक्रीकक्षमा मूल्य सूची राखेको छ/छैन हेर्ने । नराखेको भए ३ दिन भित्रमा मूल्य सूची राखी नगरपालिकामा सो को जानकारी दिन लिखित निर्देशन दिने,

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठीक छ/छैन हेर्ने,

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेवलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन हेर्ने,

(च) औषधी वा औषधीयुक्त पदार्थ भए सोको प्याकिङ्ग प्रयोग गर्ने तरिका उल्लेख छ/छैन हेर्ने तथा औषधीविज्ञ (फार्मासिष्ट) औषधी बिक्री स्थलमा भए/नभएको एवं औषधी बिक्रेता प्रमाणपत्र समेत हेर्ने,

(छ) उपभोग्य मिति नाघेको औषधी, प्रशोधित पानी, विस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरु फेला परेमा नष्ट गर्ने,

(ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेवलिङ्ग वा छपाई गरेको छ/छैन हेर्ने र त्यस्तो गरेको पाइएमा कसुरको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने तथा अटेरी गरेमा तोकिए बमोजिम दण्ड जरिवाना गर्ने,

(झ) माछा मासु, फलफुल तरकारी, मिठाई पसल, डेरी, होटल, बधशाला वा माछा मासु बिक्रीस्थल सफासुग्घर र मापदण्ड अनुसार छ/छैन हेर्ने। नभएमा कसुरको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने तथा अटेरी गरेमा तोकिए बमोजिम दण्ड जरीवाना गर्ने,

(ञ) बिक्रेताले क्रेतालाई वस्तुको बील बिजक जारी गरेको छ/छैन हेर्ने। अनिवार्य बिजक जारी गर्न निर्देशन दिने।

(२) यस ऐन तथा अन्य ऐन बमोजिम नगरपालिकाले बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्बन्धमा भएका उपभोक्ता अधिकार स्वच्छ बजार सम्बन्धी व्यवस्थाहरुको कार्यान्वयनको लागि नगर बजार अनुगमन इकाईले नियमित वा आकस्मिक अनुगमन गर्नेछ।

(३) उपदफा (१) बमोजिमको बजार अनुगमन टोलीले कुनै वस्तु वा सेवाको गुणस्तर, परिमाण, मूल्य निर्धारण प्रक्रियाको सम्बन्धमा जानकारी लिन वा सोधपुछ गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको बजार अनुगमनको क्रममा जानकारी लिँदा वा सोधपुछको सिलसिलामा सम्बन्धित उत्पादक वा बिक्रेतासँग आवश्यक कागजात तथा प्रमाण माग गर्न सक्नेछ र त्यस्तो कागजात वा प्रमाण पेश गर्नु सम्बन्धित उत्पादक वा बिक्रेताको कर्तव्य हुनेछ।

(५) उपदफा (१) बमोजिमको बजार अनुगमन गर्दा तोकिए बमोजिमको बजार अनुगमन फारामको प्रयोग गर्नुपर्नेछ।

(७) बजार अनुगमन इकाईले अनुगमन गर्दा त्रुटी फेला परेमा तत्काल कारवाही गर्न सक्ने कुराहरुमा कारवाही गरी सोको प्रतिवेदन सहित थप कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्नुपर्नेछ।

३८. **अनुगमन अधिकृत नियुक्त तोक्न सक्ने** : (१) उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त उपभोग्य वस्तु वा सेवा सरल एवं सहज रुपमा उपलब्ध गराउने कार्यको अनुगमन गर्न नगरपालिकाले नगरपालिकामा कार्यरत अधिकृतस्तरको कुनै कर्मचारीलाई अनुगमन अधिकृत तोक्न सक्नेछ।

३९. **अनुगमन अधिकृतको काम, कर्तव्य र अधिकार** : (१) नगरपालिकाभित्रको कुनै ठाउँमा असुरक्षित, प्रतिकूल, असरयुक्त वा गुणस्तरहीन वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम कारवाही भइरहेको छ भन्ने सूचना प्राप्त भएमा वा सो कुराको विश्वास हुने मनासिब कारण भएमा अनुगमन अधिकृतले त्यस्तो ठाउँमा आवश्यकता अनुसार जुनसुकै बखत प्रवेश गरी अनुगमन, जाँचबुझ वा खानतलासी गर्न, त्यस्तो काम गर्ने व्यक्तिलाई नियन्त्रणमा लिन र मुद्दा हेर्ने अधिकारीको अनुमतिले अनुसन्धानको लागि सात दिनसम्म थुनामा राख्न सक्नेछ ।

(२) दफा (१) बमोजिम अनुगमन, जाँचबुझ वा खानतलासीका क्रममा वस्तुको उत्पादन, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता, सेवा प्रदायक, वा सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक विवरण वा जानकारी वा बयान लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन, जाँचबुझ वा खानतलासी गर्दा, असुरक्षित, असरयुक्र वा गुणस्तर नभएको वस्तुको उत्पादन वा बिक्री वितरण भएको वा तोकिएको सेवा प्रदान नगरेको वा यस ऐन अन्तर्गत बनेको नियम विपरित काम कारवाही भएको पाइएमा अनुगमन अधिकृतले त्यस्तो वस्तुको नमूना लिई तोकिएको अवधिको लागि त्यस्तो  वस्तुको उत्पादन वा बिक्री वितरण गर्न वा सेवा प्रदान गर्न रोक लगाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको परीक्षणबाट बिकी गरेको वस्तु तथा सेवामा कैफियत भेटिएमा  अनुगमन अधिकृतले त्यस्तो वस्तु तथा सेवाको बिक्री वितर णमा रोक लगाई तत्काल दफा ४४ बमोजिम जरीवाना गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम अनुगमन अधिकृतले गरेको काम कारवाही सम्बन्धी प्रतिवेदन सात दिनभित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदनमा उपदफा (४) बमोजिम जरिवाना गरिएको भए त्यस्तो विवरण समेत उल्लेख गरी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(७) अनुगमन अधिकृतले अनुगमन वा जाँचबुझको सिलसिलामा उत्पादक वा बिक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखेमा त्यस्तो आदेश लिन वा उपयुक्त सम्झेको कार्य गर्न सक्नेछ ।

(८) अनुगमन अधिकृतले अनुगमन जाँचबुझ वा खानतलासी गर्दा कुनै उत्पादक, बिक्रेता विरुद्ध  कुनै कानूनी कारवाही हुनुपर्ने देखेमा त्यसको विवरण

समेत प्रतिवेदनमा उल्लेख गरी नगरपालिका वा आवश्यक परे कारण सहित अन्य सम्बन्धित निकायमा पठाउन सक्नेछ ।

(९) अनुगमन अधिकृतको अनुगमन, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधि र अन्य काम, कर्तव्य एवं अधिकार तथा अनुगमन अधिकृतले दिएको प्रतिवेदन कार्यान्वयन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. **उपभोग्य वस्तुको परीक्षण** : (१) अनुगमन अधिकृत वा नगर बजार अनुगमन इकाईले उपभोग्य वस्तुको नमूना परीक्षणको लागि लिएको भए, तुरुन्त सडिगली जाने वस्तु भए तत्काल र अन्य वस्तु भए त्यस्तो नमूना लिएको मितिले २ दिन भित्रमा मान्यता प्राप्त प्रयोगशालामा पठाउनु पर्नेछ ।

(२) अनुगमन अधिकृत वा नगर बजार अनुगमन इकाईलेले नमूना परीक्षण गराउन उपदफा (१) बमोजिमको प्रयोगशालामा पठाउँदा संकेत नम्बर लिई पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पठाइएको वस्तु प्रयोगशालामा परीक्षण गर्दा झुट्ठा परिणाम दिएमा वा लापरवाही गरेको पाइएमा त्यस्तो कर्मचारीलाई कानून बमोजिम विभागीय कारवाही हुनेछ ।

४१. **कमसल उपभोग्य वस्तु जफत हुने वा नष्ट गरिने** : (१) उपभोग्य वस्तुको नमूना प्रयोगशालामा परीक्षण हुँदा उपभोग्य वस्तु तोकिएको मापदण्ड बमोजिम गुणस्तरीय नभएको ठहरिएमा त्यस्तो वस्तु जफत गरिनेछ र आवश्यकता अनुसार त्यस्तो वस्तु तोकिए बमोजिम नष्ट गरिनेछ ।

(२) उपदफा (१) बमोजिम वस्तुको जफत गरी नष्ट गरिएकोमा त्यस्तो वस्तु जफत वा नष्ट गर्दाको खर्च सम्बन्धित उत्पादक वा बिक्रेताले व्यहोर्नु पर्नेछ ।

४२. **सूचना चुहाउनेलाई कारवाही** : (१) अनुगमन अधिकृत वा नगर बजार अनुगमन इकाईबाट हुने आकस्मिक अनुगमन वा नियमित अनुगमनको सूचना त्यस्तो अनुगमन नहुँदै चुहावट गर्ने राष्ट्रसेवकलाई विभागीय कारवाही हुनेछ ।

(२) अनुगमनको कार्यमा संलग्न निकाय वा संघसंस्थाका प्रतिनिधिबाट सूचना चुहावट गरेको पाइएमा निजलाई पच्चीस हजार रुपैयाँ जरिवाना गरी त्यस्तो संस्थालाई तीन वर्षसम्म कालोसूचीमा समावेश गरिनेछ ।

४३. **तत्काल जरिवाना गर्न सक्ने** : (१) यस ऐनमा अन्यत्र जनुसुकै कुरा लेखिएको

भएता पनि बजार अनुगमन वा उपभोग्य वा जाँचबुझ वा खानतलासीको क्रममा तत्काल प्राप्त प्रमाणबाट उपभोग्य वस्तुको उत्पादक, ढुवानीकर्ता, संचयकर्ता, पैठारीकर्ता, बिक्रेता वा सेवा प्रदायकले देहायको कुनै कार्य गरेको देखिएमा निजलाई नगर बजार अनुगमन इकाई वा अनुगमन अधिकृतले तत्काल देहाय बमोजिम जरिवाना गर्न सक्नेछः

(क) बील बिजक जारी नगरेको कसुरमा दश हजारदेखि बीस हजारसम्म,

(ख) अनुचित व्यापारिक क्रियाकलाप गर्ने वा गराउने कसुर गरेमा पचास हजारदेखि एक लाखसम्म,

(ग) कार्टेलिङ्ग, कृत्रिम अभाव सृजना वा सिन्डिकेट लगाउने वा सो गर्न उक्साउने कसुर गरेमा पचास हजारदेखि एक लाखसम्म,,

(घ) दफा ३१ को कसुर गरेमा तीस हजारदेखि पचास हजारसम्म,

(ङ) दफा ५६ बमोजिमको नगर बजार अनुगमन इकाई वा अनुगमन अधिकृतलाई जाँचबुझ अनुगमनमा सहयोग नगरेमा तीस हजारदेखि पचास हजारसम्म ।

(२) उपदफा (१) बमोजिमको कार्य पटक पटक गरेमा पटकै पिच्छे दोब्बर जरिवाना हुनेछ ।

(३) नगर बजार अनुगमन इकाई वा अनुगमन अधिकृतले यस दफा बमोजिम तत्काल जरिवाना गर्नुपर्नाको कारण र जरिवाना गरेको रकम लगायतका सम्पूर्ण विवरण खोली तीन दिनभित्र नगरपालिकालाई त्यसको प्रतिवेदन दिनु पर्नेछ ।

(४) नगर बजार अनुगमन इकाई वा अनुगमन अधिकृतले स्थलगत अनुगमनको क्रममा कैफियत फेला पारी तत्काल गरेको जरिवाना उपर कहिँकतै उजुर बाजुर लाग्ने छैन ।

(५) नगर बजार अनुगमन इकाई वा अनुगमन अधिकृतले तत्काल जरिवाना गर्ने सम्बन्धमा अपनाउनु पर्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ९
## उजुरी सम्बन्धी व्यवस्था

४५. **उजुरी दिन सक्ने** : (१) कुनै वस्तु वा सेवाको बिक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरित व्यापरिक क्रियाकलाप गरेको भनी कुनै पनि व्यक्तिले नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृत समक्ष टेलिफोन मार्फत वा मौखिक वा लिखित रुपमा सूचना वा उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना दिने व्यक्तिको नाम, ठेगाना र निजबाट प्राप्त भएको सूचनाको विवरण गोप्य राखिने छ ।

(३) उपदफा (१) बमोजिमको निकायले लिखित वा मौखिक वा टेलिफोनबाट प्राप्त उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई समेत उजुरीको रुपमा ग्रहण गरिनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा सो समेतलाई उजुरीको रुपमा ग्रहण गरी नगर बजार अनुगमन इकाई वा अनुगमन अधिकृतले अनुगमन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन गर्दा बिक्रेता वा सेवा प्रदायकले प्रचलित कानून वा मापदण्ड विपरित व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारवाही चलाई सो सम्बन्धी जानकारी उजुरीकर्तालाई गराउनु पर्नेछ ।

(६) उजुरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४६. **सूचना दिने व्यक्तिलाई पुरस्कार** : (१) यस ऐन विपरितको कसूर गरेको छ वा गर्न लागेको छ वा गरिरहेको छ भन्ने कुराको सूचना दिने व्यक्तिले दिएको सूचना बमोजिम अनुसन्धान गर्दा त्यस्तो कसूर भएको प्रमाणित भएमा त्यस उपर कसुरदारबाट प्राप्त जरिवाना वा जफत/असूल भएको विगो रकमको पच्चीस प्रतिशत रकम त्यस्तो सूचना दिने व्यक्तिलाई पुरस्कार स्वरुप उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रसेवक कर्मचारी तथा तिनका परिवार, संगठित संस्थाका कर्मचारी र तिनका परिवारका सदस्य तथा बजार अनुगमनमा खटिएका विभिन्न संघ संस्थाका प्रतिनिधि वा कर्मचारी र तिनका परिवारका सदस्यले यस दफा बमोजिम पुरस्कार पाउने छैनन् ।

(३) दफा ४५ (१) बमोजिम प्राप्त उजुरी गलत वा आग्रहपूर्ण वा कसैलाई दुख दिने मनसायले गरेको प्रमाणित भएमा त्यस्तो उजुरी दिने व्यक्तिलाई रु पाँचहजार जरिवाना गरिनेछ ।

## परिच्छेद- १०

## कसूर र सजाय सम्बन्धी व्यवस्था

४७. **कसूर गरेको मानिने** : कसैले देहायको काम कारवाही गरे वा गराएमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः

(क) दफा १६ बमोजिम लेवलिङ्ग नगरेमा वा लेवलमा झुट्टा कुटा उल्लेख गरेमा,

(ख) दफा १७, १८, १९, २०, २१ वा २२ बमोजिम क्रमशः उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, संचयकर्ता, बिक्रेता वा सेवा प्रदायकले आफ्नो दायित्व पूरा नगरेमा वा दायित्वको उल्लंघन हुने काम गरेमा,

(ग) दफा २४ बमोजिम बिक्रेताले तोकेको अवधिभित्र सामान फिर्ता नलिएमा वा त्यस्तो मूल्य बराबरको सामान सट्टा नदिएमा,

(घ) दफा २५ बमोजिम बील, बिजक नराखेमा,

(ङ) दफा २६ को उपदफा (२) को खण्ड (क), (छ), (ञ) र (ठ) बमोजिमको अनुचित व्यापरिक क्रियाकलाप गरे वा गराएमा,

(च) दफा २६ को उपदफा (२) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (ज), (झ), (ट), (ड), (ढ), (ण) र (त) बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गरे वा गराएमा,

(छ) दफा २७ को  उपदफा (१), उपदफा (२) को खण्ड (क) बमोजिमको माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्ने काम गरे वा गराएमा,

(ज) दफा २७ को उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमको काम गरे वा गराएमा,

(झ) दफा २८ बमोजिमको काम गरे वा गराएमा,

(ञ) दफा २९ बमोजिम स्वच्छ बजार वा स्वच्छ प्रतिस्पर्धामा अवरोध पुर्‍याउने काम गरे वा गराएमा,

(ट) दफा ३० को उपदफा (१) विपरित नेपाल सरकारले तोकेको मूल्यभन्दा बढी हुने गरी बिक्री गरे वा गराएमा,

(ठ) दफा ३१ को उपदफा (१) र (२) बमोजिमको काम नगरेमा,

(ड) दफा २७ को उपदफा (२) बमोजिम वस्तु वा सेवाको मूल्य निर्धारण सम्बन्धी मापदण्ड विपरित वस्तु वा सेवाको बिक्री गरेमा,

(ढ) यस ऐनको दफा ३५ बमोजिम गठित अनुगमन टोलीले जाँचबुझ, अनुगमन वा अनुगमन गर्ने क्रममा दफा ३९ बमोजिमको कार्यमा सहयोग नगरेमा ।

४८. **दण्ड सजाय** : (१) स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस ऐनमा व्यवस्था भएकोमा यसै बमोजिम र अन्यथा उपभोक्ता संरक्षण ऐन तथा नियमावली, खाद्य समबन्धी ऐन नियम, औषधी (बिक्री) वितरण सम्बन्धी ऐन, कालो बजारी ऐन

लगायतका प्रचलित ऐन कानूनको अधिनमा रही बजार अनुगमनबाट दोषी पाइएका उत्पादक, आयातकर्ता, बिक्रेता, व्यवसायीलाई सूर्यविनायक नगरपालिकाको न्यायिक समितिले कानूनी कारवाही र जरिवाना गर्नेछ। सो कानूनी कारवाही उपर चित्त नबुझेमा न्यायिक समितिबाट निर्णय भएको मितिले पैंतीस दिनभित्र जिल्ला अदालत वा उपभोक्ता अदालतमा पुनरावेदन गर्न सकिनेछ।

(२) कसैले यस ऐन अन्तर्गत कसूर मानिने कुनै काम गरे वा गराएमा कसूरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछः

(क) दफा ४६ को खण्ड (क) र (ग) विपरित काम गर्ने वा गराउनेलाई एक वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ख) दफा ४६ को खण्ड (क) विपरित काम गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(ग) दफा ४६ को खण्ड (च) विपरित काम गर्ने वा गराउनेलाई पाँच वर्षसम्म कैद वा पाँचलाख रुपैयासम्म जरिवाना वा देवै सजाय,

(घ) दफा ४६ को खण्ड (छ) विपरित काम गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद वा तीनलाख रुपैयासम्म जरिवाना वा दुबै सजाय,

(ङ) दफा ४६ को खण्ड -झ) विपरित काम गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद वा तीनलाख रुपैयासम्म जरिवाना वा दुवै सजाय,

(च) दफा ४६ को खण्ड (ञ) विपरित काम गर्ने वा गराउनेलाई पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय,

(३) उपदफा (२) बमोजिमका काम बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कुने काम कारवाही गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

## परिच्छेद- ११
## कोषको व्यवस्था

४९. **उपभोक्ता हित संरक्षण कोष सम्बन्धी व्यवस्था** : (१) नगरपालिकाले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न, उपभोक्ताको अधिकार संरक्षण गर्न, उपभोक्ता शिक्षा वा अन्य प्रवर्द्धनात्मक कार्यको लागि एउटा छुट्टै कोषको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोष देहायका रकमहरु रहनेछन्:

(क) नगरसभाबाट वार्षिक रुपमा विनियोजन हुने रकम,

(ख) कार्यपालिकाले निर्णय गरी जम्मा गरेको कुनै रकम,

(ग) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(घ) साझेदार निकाय, गैर सरकारी संस्था तथा अन्य व्यक्ति वा निकायबाट कोषलाई प्राप्त हुने रकम,

(ङ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) कोषको संचालन तथा व्यवस्थापनको लागि बाणिज्य बैंकमा एक छुट्टै खाता खोलिनेछ । कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र नगरपालिकाको आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(५) कोषको आम्दानी र खर्चको विवरण हरेक आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिनभित्र सार्वजनिक गर्नुपर्नेछ ।

(६) कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट हुनेछ भने अन्तिम लेखापरीक्षण महालेखा परीक्षक कार्यालयबाट हुनेछ ।

(७) कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद १२
## क्षतिपूर्ति सम्बन्धी व्यवस्था

५०. **क्षतिपूर्तिको दावी गर्न सक्ने** : यस ऐन विपरित उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई शारीरिक, मानसिक, आर्थिक, भौतिक वा अन्य किसिमको हानी नोक्सानी हुन गएमा वा त्रुटीपूर्ण उत्पादनको कारणबाट क्षति पुग्न गएमा उपभोक्ता स्वयंले वा निजको तर्फबाट कुनै उपभोक्ता संस्थाले वा उपभोक्ता असक्षम भएमा वा निजको मुत्यु भइसकेको अवस्थामा त्यस्तो उपभोक्ताको हकवालाले त्यस्तो उपभोग्य वस्तु वा सेवा उत्पादन, पैठारी, संचय ढुवानी, बिक्री वितरण वा प्रदान गर्ने जुन व्यक्ति वा संस्थाबाट त्यस्तो हानी नोक्सानी वा क्षति भएको हो सोही व्यक्तिबाट क्षतिपूर्ति भराई पाउँ भनी उपभोक्ता अदालत समक्ष त्यसरी हानी नोक्सानी पुगेको मितिले छ महिनाभित्र उजूरी गर्न सक्नेछ ।

५१. **क्षतिपूर्ति प्रदान गर्नुपर्ने** : दफा ५० बमोजिम क्षतिपूर्तिको माग दावी गरी परेको उजूरी उपर छानविन गर्दा अदालतबाट उपभोक्तालाई हानी नोक्सानी पुग्न गएको ठहर भएमा उपभोक्तालाई पुगेको हानी नोक्सानीको आधारमा अदालतको आदेश वा निर्णय बमोजिम सम्बन्धित उत्पादक, पैठारीकर्ता, संचयकर्ता, ढुवानीकर्ता, वितरक वा विक्रेताबाट क्षतिपूर्ति वापतको रकम पीडित उपभोक्ता वा निजको मृत्यु भइसकेको भए कानून बमोजिमको हकवालाई भराइ दिनुपर्नेछ ।

**५२. क्षतिपूर्ति मापदण्ड निर्धारण गर्ने** : अदालतले दफा ५१ बमोजिम क्षतिपूर्ति वापत उपभोक्ताले पाउने रकम निर्धारण गर्दा देहायका कुरालाई ध्यानमा राखी निर्धारण गर्नुपर्नेछ:

(क) पीडित व्यक्तिलाई पर्न गएको शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गम्भीरता,

(ख) उपचार हुनसक्ने किसिमको क्षति भएकोमा उपचार गराउन लाग्ने अनुमानित खर्च,

(ग) शारीरिक वा मानिसक क्षतिको कारण पीडित व्यक्तिको आय आर्जन गर्ने क्षमतामा हुन गएको ह्रास,

(घ) उपचार हुन नसक्ने किसिमको शारीरिक वा मानसिक क्षति पुगेकोमा पीडित व्यक्तिको उमेर र निजको पारिवारिक दायित्व,

(ङ) पीडितको मृत्यु भएकोमा निजको आम्दानीमा आश्रित निजको परिवारका सदस्यहरुको संख्या र निजहरुको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च,

(च) पीडित व्यक्तिले दावी गरेका कुरामध्ये उचित र उपयुक्त देखिएका अन्य कुरा ।

## परिच्छेद १३
## विविध

**५३. उपभोक्ता संघसंस्था सूचीकृत हुनुपर्ने** : (१) उपभोक्ताको हक हित संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा कार्यरत प्रचलित कानून बमोजिम स्थापित उपभोक्ता संघ र संस्थाहरु नगरपालिकामा सूचीकृत हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकामा सूचीकृत हुन संघ संस्थाको विधान, कार्यक्षेत्र, पदाधिकारीको विवरण समेत संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम सूचिकृत भएका संघ वा संस्थाले आफ्नो कार्यक्रम सम्बन्धी जानकारी नियमित रुपमा नगरपालिकाको विषयगत शाखामा दिनुपर्नेछ ।

**५४. अत्यावश्यक वस्तु वा सेवा सुपथ मूल्यमा उपलब्ध गराउने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समय समयमा अत्यावश्यक खाद्य, अन्य उपभोग्य वस्तु वा सेवाको सूची निर्धारण गरेको सेवा वा वस्तु बिक्री गर्नको लागि नगरपालिकाले दफा ३० बमोजिम अत्यावश्यक वस्तु वा सेवाको अधिकतम मूल्य

निर्धारण गरी निर्धारित मूल्यमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ ।

५५. **उपभोक्ता शिक्षाबारे पाठ्यक्रममा समावेश गराउने** : उपभोक्तालाई उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा सुसूचित गराउनको लागि उपभोग्य वस्तु वा सेवाको प्रयोग र सोबाट पर्न सक्ने प्रभाव आदिका सम्बन्धमा जानकारी गराउनको लागि उपभोक्ता शिक्षा सम्बन्धी आवश्यक विषयवस्तु नगरपालिकाले तयार गरी स्थानीय पाठ्यक्रममा समावेश गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

५६. **नगर बजार अनुगमन इकाईका सदस्य तथा अनुगमन अधिकृतलाई तालिम दिनुपर्ने** : नगरपालिकाले यस ऐन बमोजिमको कसूरको अनुगमन, अनुसन्धान तहकिकात प्रक्रिया सम्बन्धी सैद्धान्तिक एवं व्यवहारिक जानकारी दिनको लागि नगर बजार अनुगमन इकाईको सदस्य तथा अनुगमन अधिकृतलाई अनुसन्धान, तहकिकात र अभियोजन सम्बन्धी विषयको तालिम दिन आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

५७. **सहयोग गर्नुपर्ने** : यस ऐन बमोजिम जाँचबुझ वा अनुगमन गर्ने क्रममा त्यस्तो जाँचबुझ वा अनुगमन गर्ने अधिकारी वा यस ऐन बमोजिम खटाइएको व्यक्ति वा टोलीलाई आवश्यकतानुसार सहयोग पुर्‍याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

५८. **व्यवसायी संस्थाको दायित्व** : कुनै व्यवसायिक संस्थाले यो ऐन बमोजिम कसूर हुने कुनै कार्य गरेमा त्यस्तो संस्थाको मुख्य प्रशासकीय अधिकारीको हैसियतमा काम गर्ने अधिकारी सजायको भागीदार हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि आफू मुख्य प्रशासकीय अधिकारी हुनुभन्दा अगावै भएका कसूरका सम्बन्धमा त्यस्तो व्यक्ति सजाएको भागीदार हुनुपर्ने छैन ।

५९. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने** : यस ऐन बमोजिम कसूर ठहरिने काम अन्य प्रचलित कानून अन्तर्गत पनि कसूर ठहरिने रहेछ भने अन्य प्रचलित कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुर्‍याएको मानिने छैन ।

६०. **नेपाल सरकार वादी हुने** : यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ ।

६१. **मुद्दाको अनुसन्धान र दायरी** : (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको अनुसन्धान अनुगमन अधिकृतले गर्नेछ र त्यस्तो अनुसन्धानको काम पूरा भएको पैंतीस दिनभित्र न्यायिक समिति समक्ष मुद्दा दायर गर्नुपर्नेछ ।

(२) अनुगमन अधिकृतले उपदफा (१) बमोजिमको मुद्दा दायर गर्नु अघि

कानून अधिकृतको राय लिनु पर्नेछ ।

६२. **संक्षिप्त कार्यविधि अपनाउनु पर्ने** : (१) यस ऐन अर्न्तगत दायर भएको मुद्दाको कारवाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(२) अनुगमन अधिकृतले उपदफा (१) बमोजिमको मुद्दा दायर गर्नु अघि कानून अधिकृत वा कानूनी सल्लाहकारको राय लिनु पर्नेछ ।

६३. **असल नियत गरेको कामको बचाउ** : बजार अनुगमन समिति, अनुगमन अधिकृत, जनप्रतिनिधि वा कुनै राष्ट्रसेवकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रुपले जवाफदेही हुने छैन । र निजले गरेको कामको प्रतिरक्षा सरकारले गर्नेछ ।

६५. **नियम बनाउन सक्ने** : यस ऐनलाई कार्यान्वयन गर्न नगर कार्यपालिकाकाले आवश्यक नियमावली बनाउन सक्नेछ ।

६५. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने** : नगरपालिकाको उपभोक्ता हक हित संरक्षण र बजार अनुगमन सम्बन्धी काम कारबाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

६६. **खारेजी तथा बचाउ** : (१) यस ऐनमा लेखिएका कुराहरु यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यो ऐन बन्नु भन्दा अघि नगरपालिकाबाट उपभोक्ता हक हित संरक्षण र बजार अनुगमनसम्बन्धी सम्बन्धी विषयमा भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) नगरपालिकाले उपभोक्ता हक हित संरक्षण र बजार अनुगमन सम्बन्धी सम्बन्धी काम कारबाहीलाई व्यवस्थित गर्न जारी गरी कार्यान्वयनमा ल्याएका कानूनी प्रबन्धहरुलाई यसै ऐनको अङ्ग मानिनेछ ।

आज्ञाले
राजेन्द्र प्रसाद कडेल
प्रमुख प्रशासकीय अधिकृत